# भक्तपुर जिल्ला अदालत

भक्तपुर

(प्रशासन शाखा)

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा शाखा तथा फाँट उल्लेख गर्नुहोला।

दरबारस्क्वायर, भक्तपुर

फोन नं:- ६६१०६३३

फ्याक्स नं:- ६६१०१११

Email: info.dcbhaktapur@supremecourt.gov.np

admin.dcbhaktapur@supremecourt.gov.np

web: www.supremecourt.gov.np/court/bhaktapurdc


पत्र संख्या:- ०७७/७८

चलानी नं:- ५१6

मिति:२०७७/०५/२

# सूचना!! सूचना!! सूचना!!

मिति २०७७/४/६ को नेपाल सरकारको निर्णय बमोजिम बन्दाबन्दी खुले पश्चात यस अदालतबाट नियमित रुपमा न्याय सम्पादन सम्बन्धी कामकारबाही भैरहेको अवस्थामा हाल कोभिड-१९ को संक्रमण व्यापक रुपमा फैलिरहेको परिप्रेक्षमा न्याय सम्पादन सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सम्बन्धमा आज यस अदालतमा बसेको जिल्ला वार ईकाई, जिल्ला न्यायाधीवक्ता सहितको सम्युक्त वैठकबाट मिति २०७७/०५/०३ देखी अर्को सूचना प्रकाशित नभए सम्मका लागि तपसिलमा उल्लेख भएका कार्यहरू मात्र गर्ने गरी अन्य न्यायीक कामकारबाहीहरू स्थगित गर्ने निर्णय भए बमोजिम सम्पुर्ण कानुन व्यवसायीहरू र सरोकारवाला सबैको जनाकारीको लागि यो सूचना प्रकाशीत गरिएको छ।

५/२

घनेन्द्र अधिकारी

स्रेस्तेदार

## तपसिल

- बन्दीप्रत्यक्षीकरणका निवेदन।
- पक्राउ पुर्जी अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्यहरू सर्वजनिक विदाका दिन बाहेक विहान १०:०० बजे देखी अपरान्ह ३:०० बजे सम्म गर्ने।
- महामारी सम्बन्धिका गम्भीर प्रकृतिका निवेदनहरू।
- अभियोग, अन्तिम हद म्याद भएको फिराद पत्र एवंम् अन्तिम म्याद भएका प्रतिउत्तर पत्र मात्र दर्ता गर्ने।
- फैसला कार्यान्वयन तर्फ अन्तिम हद म्याद भएका निवेदनहरु मात्र दर्ता गर्ने।
- बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकि अभियोग पत्रमा दावी लिएको सजाय भन्दा बढी कैद अवधी थुनामा बसेको वा बस्न सक्ने अबस्थाका फौजदारी मुद्दामा प्रतिवादीको हकमा प्रमाण बुझी त्यस्ता प्रकृतिको मुद्दाको सुनुवाई।
- बाल सुधार गृहमा रहेका बालबलिकासँग सम्बन्धित निवेदन उपरको सुनुवाई गर्ने।
- कसुर कायम भई सजाय पुर्वको प्रतिवेदन प्राप्त भईसकेको वा सहज रुपमा प्राप्त हुने अवस्थाका सजाय निधारण गर्न बाँकी रहेका मुद्दाहरूको सुनुवाई ।
- अर्ध न्यायिक निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा ७३ बमोजिम पर्न आएका निवेदनमा सुनुवाई गरिने।
- घरेलु हिंसा (कसुर, सजाय) ऐन, २०६६ को दफा ५ को उपदफा २ बमोजिमका मुद्दाहरु दर्ता गर्ने र सुनुवाई गर्ने ।

- सरकारवादी फौजदारी मुद्दामा फरार रहेका प्रतिवादी अदालतबाट जारी भएको म्यादमा तत्काल कोभिड-१९ परिक्षण गरेको पिसिआर (PCR) रिपोर्ट सहित बयानका लागी हाजिर भएमा निजको बयान गरी बाँकी कार्य अगाडि बढाउने।
- पुर्व सूचना अनुसारको मुद्दाको तारेखको कार्यलाई निरन्तरता दिने ।
- अदालतमा दर्ता भएका निवेदन मध्ये बन्दीप्रत्यक्षीकरणको निवेदन बिहान ११:०० बजे सम्म दर्ता भएमा सोहि दिन र सो पछि दर्ता भएका निवेदहरूको सुनुवाई भोलिपल्ट (सार्वजनिक विदा बाहेक) गरिनेछ।
- हाल पेशीमा रहेका सबै प्रकारका मुद्दाहरुको पेशी स्थगित गर्ने।

**पुनश्चः अन्य न्यायीक कामकारबाहीका सम्बन्धमा अर्को सुचनाद्वारा जानकारी गराईनेछ।**